मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

गरिबी र अभावको दशैं: पृष्ठ २

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily



◆ वर्ष : २६ ◆ अङ्क : ३०५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज १८ गते सोमवार (Monday, October 4. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



झापाको हल्दिबारी गाउँपालिका बडाबारीस्थित खोल्सामा माछा मार्दै स्थानीयहरु। मनसुन अन्त्य भएपछि तराईका जिल्लाहरुमा खोला, खेत, कुलो र खोल्साहरुमा माछा मार्नेहरु देखिन थालेका छन्। जलथलमा मागुर, हिले, गैचीं, बाम, पोठी, पैंया लगायतका माछाहरु पाइने गरेको स्थानीयहरु बताउँछन्। **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

नेकपा एमालेको विधान अधिवेशन

## दुईपटक भन्दाबढी कार्यकारी बस्न नपाइने

**झापा, असोज १७।** नेकपा एमालेको पहिलो विधान महाधिवेशनमा प्रस्तुत भएको राजनीतिक, संगठनात्मक र विधान संशोधन प्रस्ताव सुझावसहित पारित भएको छ।

तीन दिनसम्म ललितपुरको गोदावरीमा चलेको एमालेको महाधिवेशनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन, महासचिव ईश्वर पोखरेलको संगठनात्मक प्रस्ताव र संगठन विभाग प्रमुख एवम् उपमहासचिव विष्णुप्रसाद पौडेलको विधान संशोधन प्रस्ताव सर्वसम्मत पारित भएका हुन्। राजनीतिक प्रतिवेदनमाथि अध्यक्ष ओलीले जवाफ दिएपछि पार्टी प्रवक्ता प्रदीप ज्ञवालीले तीन वटै प्रस्ताव पारित गर्न हललाई आग्रह गरेका थिए। हलले सर्वसम्मत रुपमा ती प्रस्ताव पास गरेको हो।

यसअघि बोल्दै अध्यक्ष ओलीले अत्तालिएर नयाँ पार्टीमा गएका एमालेका नेता कार्यकर्तालाई एमालेमै फर्किन आग्रह गरे। ओलीले नेकपा एकीकृत समाजवादीमा गएका सच्चा एमाले कार्यकर्तालाई पार्टीमा फर्कन आग्रह गरे। उनले एमालेमा फर्किने वातावरण बनाउन स्थानीय तहदेखि नै पहल गर्न नेताहरुलाई निर्देशन समेत दिएका छन्।

अध्यक्ष ओलीले एमालेको सरकार ढाल्न सारा शक्ति लागेको आरोप लगाउँदै सरकार ढाल्न जो जो लागे ती सबै शत्रु भएको बताए। उनले कुस्ती खेलाडीलाई विपक्षीले अलि-अलि प्रहार गरेन भने जीतको रणनीति बनाउन गाह्रो हुने भन्दै अब एमालेले सशक्त रणनीति बनाउने दावी गरे। जितेर सरकारमा गएकाले फेरि पनि जितेरै सरकारमा जाने उनको दृढता छ।

यसैबीच, एमालेमा एक व्यक्तिले दुईपटकभन्दा बढी कार्यकारी पदमा उम्मेदवार बन्न नपाइने व्यवस्था गरिएको छ। पहिलो विधान महाधिवेशनमा उठेको सवालहरूको जवाफ दिँदै उपमहासचिव विष्णु पौडेलले कुनै नेताले जिते पनि हारे पनि दुईपटकभन्दा बढी उम्मेदवार बन्न नपाइने व्यवस्था गरिएको बताए। उनले एउटै कार्यकारी पदमा एकै व्यक्ति दुईपटकभन्दा बढी उम्मेदवार बन्न नपाइने व्यवस्था गरिएको पनि जानकारी दिए।

यस्तै उमेरहदको सम्बन्धमा पनि ७० वर्ष कायम गरिएको छ। कुनै व्यक्ति ७० वर्ष नपुग्दासम्म पदमा लड्न र बसेर काम गर्न पाउने छ। तर, कार्यकालको बीचमा ७० वर्ष पुगे वा कटे उसलाई त्यो कार्यावधिभर काम गर्न पदमा बस्न पाउने व्यवस्था गरिएको पौडेलले बताए। यसबाट वर्तमान अध्यक्ष ओली यदि मंसीरमा फेरि अध्यक्ष बनेका खण्डमा उनले पूर्ण कार्यकाल काम गर्न पाउनेछन्। उनी फागुनमा ७० वर्ष पुग्दै छन्।

प्राधिकरण-इन्टरनेट कम्पनीको विवाद

## अधिकांश स्थानमा इन्टरनेट अवरुद्ध

**काठमाडौँ, असोज १७।** शनिबारदेखि काठमाडौँ उपत्यकालगायत देशका अधिकांश स्थानमा इन्टरनेट सेवा प्रभावित भएको छ। नेपाल विद्युत् प्राधिकरणले तार काट्दा आधिकांश स्थानमा इन्टरनेट सेवा अवरुद्ध भएको हो।

कम्प्युटर एशोसिएशन नेपाल महासङ्घ (क्यान) ले अति आवश्यक सेवामा सरकारी अवरोध भएको भन्दै विरोध जनाएको छ। क्यानले आइतवार एक विज्ञप्ति जारी गर्दै विद्युत् प्राधिकरणले नियोजित रूपमा काठमाडौँ, भरतपुर, बुटबल, विराटनगर, धरान, धनकुटा, ताप्लेजुङ, खाडीचौर, धनगढीलगायतका स्थानमा इन्टरनेट सेवा अवरुद्ध गराएको जनाएको हो।

पोलको भाडादरका आधारमा पूर्वाधारको लागत अझ बढ्न गई इन्टरनेट सेवा प्रवाहमा प्रतिग्राहक एक सय पचासदेखि तीन सयसम्म शुल्क बढ्ने र सोही अनुमतिका निम्ति निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायकले नेपाल दूरसञ्चार प्राधिकरणमा अनुरोध गरेको अवस्थामा अवरोध गर्नु दुर्भाग्यपूर्ण भएको क्यानका महासचिव नारायण थापाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१०) को अधिकार प्रयोग गरी २०७८ साल जेठ १७ गतेदेखि इन्टरनेट सेवालाई समेत अत्यावश्यक सेवामा पारेको तथा अत्यावश्यक सेवामा रहेको क्षेत्रमा हड्ताल निषेध गरेकामा वर्तमान अवस्थामा इन्टरनेट सेवा हड्तालका कारण नभई अन्य संस्थाका गतिविधिका कारण व्यवधान हुन पुगेको ठहरसमेत क्यानले गरेको छ।

लामो समयदेखि इन्टरनेट सेवा प्रदायक कम्पनीले पोल

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापाका १९ स्थानमा यात्रु सहायता कक्ष



**झापा, असोज १७।** जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले बिर्तामोडस्थित नयाँ बसपार्कसहित जिल्लाका १९ स्थानमा नागरिक सहायता कक्ष स्थापना गरेको छ। चाडवाडलाई लक्षित गर्दै ट्राफिक प्रहरीले यात्रु सहायता कक्ष स्थापना गरेको हो।

ट्राफिक व्यवस्थापन चुस्त राख्दै सडक दुर्घटना न्यूनीकरण गर्नु ट्राफिक प्रहरीको प्रमुख दायित्व हो। तर, चाडवाडको समयमा सर्वाजनिक यातायातमा यात्रा गर्ने यात्रु नठगिउन् भनेर ट्राफिक प्रहरीले यात्रु सहायता कक्ष स्थापना गरेको बताइएको छ।

चाडवाड नजिकिएसँगै सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रु ठगिने गरेका गुनासा हरेक वर्ष आउने गरेका छन्। त्यसैलाई मध्यनजर गर्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले टेकवहादुर गिरी नयाँ बसपार्कमा यात्रु सहायता कक्ष स्थापना गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक निशेष चापागाँईले बताए। चापागाँईका अनुसार ६६ औं प्रहरी दिवसको अवसरमा नयाँ बसपार्कमा यात्रु सहायता कक्ष स्थापना गरिएको हो।

अर्जुनधारा नगरपालिका-११मा अवस्थित टेकबहादुर गिरी बसपार्क बिर्तामोडस्थित नयाँ बस पार्कका नामले चिनिन्छ। भारतीय राजदूतावासको सहयोगमा वि.सं. २०६७ सालमा स्थानीय जग्गादाताले २ विगाह ८ कट्ठा जग्गा बसपार्कका नाममा उपलब्ध गराएपछि यसको स्थापना भएको हो। यो वसपार्कबाट पूर्वी पहाडी जिल्ला सहित नेपालका विभिन्न ठाउँमा दिनहुँ सयौं सवारी साधन यात्रु लिएर आवतजावत गर्छन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

### प्रहरी दिवसमा वृक्षरोपण

**झापा, असोज १७।** ६६औं प्रहरी दिवसको अवसरमा प्रहरीले तपाईंको मास्क खोई अभियान सञ्चालन गरेको छ।

जिल्ला प्रहरी कार्यालय झापासहित झापामा रहेका सबै प्रहरी युनिटले यो अभियानसंगै एक प्रहरी एक विरुवा अभियान समेत सञ्चालन गरेका छन्। अभियान अन्तर्गत इलाका प्रहरी कार्यालय अनारमनीले बिर्तामोडस्थित नयाँ वसपार्कमा तपाईंको मास्क खोइ अभियान सञ्चालन गरेको थियो भने जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले एक प्रहरी एक विरुवा अभियान सञ्चालन गरेको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## छुट्टाछुट्टै दुर्घटनामा पाँच जनाको मृत्य

**बिराटनगर, असोज १७।** १ नम्बर प्रदेशका तीन छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा परी चार जनाको मृत्यु भएको छ।

तेह्रथुमको लालीगुराँस नगरपालिका-४ को ग्रामीण सडक खण्डमा को२त ८४२६ नम्बरको ट्र्याक्टर आफैं अनियन्त्रित भई सडकबाट अन्दाजी ३० मिटर तल खसेर दुर्घटना हुँदा लालीगुराँस नगरपालिका-५का २२ बर्षीय पञ्चबहादुर मङ्ग्रातीको घटनास्थलमा नै मृत्यु भएको हो। सोही ट्र्याक्टरमा सवार लालीगुराँस नगरपालिका-५ का १६ बर्षीय हिमबहादुर सार्की घाइते भइ उपचारको लागि धरान लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ।

यसैगरी सुनसरीको दुहवी नगरपालिका-१०मा शनिवार उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको को १९ प ५०८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किँदा घाइते भएका मोटरसाइकल चालक दुहवी नगरपालिका-११का ४५ बर्षीय ईश्वरचन माझी (चौधरी) लाई उपचारको लागि टिचिङ अस्पताल बिराटनगर पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय दुहवीले जनाएको छ।

यस्तै दुहवी नगरपालिका-८मा ना५ख ४५१३ नम्बरको बसले बाटो क्रस गर्दै गरेका पैदलयात्री बेलवारी नगरपालिका-५ का ७२ बर्षीय पवनलाल चौधरीलाई ठक्कर दिँदा घाइते भई उपचारको लागि बिराट मेडिकल कलेज पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय दुहवीले जनाएको छ। सवारी दुर्घटना सम्बन्धी भएका उक्त घटनाहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

यता मोटरसाइकल दुर्घटनामा परी झापामा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा शिवसताक्षी नगरपालिका-११ निवासी ३५ वर्षीय लक्ष्मी भण्डारी रहेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए।

प्रहरीका अनुसार पूर्व-पश्चिम राजमार्गअन्तर्गत शिवसताक्षी-११स्थित शिव चोकमा उत्तरबाट दक्षिणतर्फ बाटो काट्ने क्रममा साइकलयात्रीलाई सोही दिशातर्फ जाँदै गरेको प्र- १-०१-०१२प७८१९ नम्बरको मोटरसाइकलले ठक्कर दिएको थियो। दुर्घटनामा परी साइकल यात्री शिवसताक्षी-११ निवासी ५५ वर्षीय रामचन्द्र कट्टेललाई सामान्य चोट लागेको थियो।

दुर्घटनामा मोटरसाइकल चालक शिवसताक्षी-७ निवासी २५ वर्षीय सुवास भण्डारीलाई सामान्य चोट लागेको र सोही मोटरसाइकल पछाडि सवार भण्डारी गम्भीर

*(बाँकी अन्तिम पृष्ठमा)*

## स्वीस सरकारको सहयोग स्थानीय तहलाई

**अमित खम्बू**

**अर्जुनधारा, असोज १७।** स्वीजरल्यान्ड सरकारले अब प्रदेश र स्थानीय सरकारलाई सहयोग प्रदान गर्ने नेपालका लागि स्वीसराजदूत एलीजावेथ वोन क्यापलरले बताएकी छिन्।

प्रदेश सरकार र स्थानीय सरकारहरुबीचको सहकार्यमा झापाको अर्जुनधारा नगरपालिकामा स्थापना हुने 'एकीकृत विपद् व्यवस्थापन केन्द्र' बारे जानकारी लिने उद्देश्यले आइतबार नगरपालिकामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा राजदूत क्यापलरले उक्त कुरा बताएकी हुन्।

केन्द्र स्थापना गर्ने विषयमा हालसम्म भएका प्रयासहरुको प्रशंसा गर्दै उनले संविधानमा उल्लेखित तीनै तहको सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त अनुसार गरिने विकास मात्र सफल हुने राजदूत क्यापलरले बताइन्। उक्त कार्यक्रममा नगर प्रमुख हरिकुमार राना र प्रमुख प्रशासकीय अधिकृत अम्बिकाप्रसाद चौलागाँईले संयुक्त रुपमा स्थापना हुने केन्द्रको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। प्रस्तुत गरिएको कार्यपत्रमा केन्द्रको अवधारणा र औचित्य,



रणनीतिक साझेदारीको पृष्ठभूमि, समझदारी पत्रको मुख्य विषयहरु, हालसम्मको कार्य प्रगति, निर्माण गरिने संरचनाको साइड प्लान, कार्ययोजना लगायतको बुँदाहरु समेटिएका छन्।

केन्द्रसँगै फोहोर मैला व्यवस्थापन, कृषिजन्य वस्तु उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण, अपाङ्गता पुनःस्थापना केन्द्र, पर्यावरणीय पर्यापर्यटन प्रवर्द्धन केन्द्र, आदिवासी जनजातिहरुको परम्परागत संस्कार संस्कृतिको संरक्षण तथा सम्बर्द्धन लगायतका विषयमा पनि उक्त टोलीलाई जानकारी गराइएको थियो।

कार्यपत्र प्रस्तुत पश्चातको कार्यक्रममा स्थानीय सरकारले गरेको विकासका कामहरुको विषयमा नेतृत्वको धारणा, प्राविधिक शिक्षालगायतको विषयमा पनि राजदूत क्यापलरले जानकारी लिएकी थिइन्। कार्यक्रममा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, नेकपा एमाले नगर अध्यक्ष प्रेमसागर सापकोटा, नेपाली कांग्रेस नगर सभापति हेमराज खरेल, प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय विपद् व्यवस्थापन शाखाका अधिकृत देवराज भट्टराई, बिर्तामोड नगरपालिकाका अधिकृत जय तिम्सिना, बुद्धशान्ति गाउँपालिकाका अधिकृत मदन कँडेल लगायतको सहभागिता रहेको थियो।

**के हो 'एकीकृत विपद् व्यवस्थापन केन्द्र' ?**

प्रदेश सरकार र स्थानीय सरकारहरुबीच सहकार्य गरी विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने रणनीतिक साझेदारी हो- एकीकृत विपद् व्यवस्थापन।

जस अन्तर्गत प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय र झापाका चारवटा स्थानीय सरकारहरु अर्जुनधारा, कनकाई, बिर्तामोड र बुद्धशान्तिबीच गत जुन २ तारिखमा अर्जुनधारामा एकीकृत विपद् व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन गर्ने समझदारी पत्रमा हस्ताक्षर भएको थियो।

उक्त समझदारी पत्रमा हस्ताक्षर गर्ने पक्षहरु, समझदारीको विषय, न्यूनतम् पूर्वाधार, प्रदेश सरकारको जिम्मेवारी र स्थानीय सरकारको जिम्मेवारीहरु गरी

*(बाँकी अन्तिम पृष्ठमा)*

## पैसा फिर्ता नगरेपछि ...

**कामाडौं, असोज १७।** सापटी दिएको रकम फिर्ता नगरेको आरोपमा एक व्यक्तिले ऋणीको श्रीमतीलाई बन्धक बनाएका छन्।

सापटी फिर्ता नगरेको अभियोगमा अर्काकी श्रीमती बन्धक बनाएको आरोपमा भक्तपुरका धिरज श्रेष्ठ पक्राउ परेको महानगरीय अपराध अनुसन्धान कार्यालय, बानेश्वरका एसएसपी चन्द्रकुवेर खापुङले जानकारी दिए। उनका अनुसार तीन वर्षअघि श्रेष्ठले निर्माण बोम्जनलाई ५ लाख रुपैयाँ दिएका थिए। तर, हालसम्म फिर्ता नगरेपछि श्रीमती चमेलीमाया स्याङ्तानलाई बन्धक बनाएका थिए।

'तीन दिनपछि प्रहरीलाई खबर भयो र हाम्रो टोलीले स्याङ्तानलाई उद्दार गरेको छ'- एसएसपी खापुङले भने- 'लेनदेनको विषयसँग प्रहरीलाई सरोकार भएन, बन्धक बनाएको कसूरमा मुद्दा चल्छ।' अनुसन्धानमा संलग्न अधिकृतहरुका अनुसार श्रीमती बन्धक बनाएपछि श्रेष्ठले 'पैसा दे, श्रीमती लैजा' भन्दै ऋण लैजाने व्यक्तिलाई खबर गरेका थिए।

**पायल्स तथा फिस्टुलाको सफल उपचार !**

**काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा असोज २१ गते विहीबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।**

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

# पटका, आतिसबाजीजन्य पदार्थको भण्डारण गर्ने पक्राउ

**काठमाडौं, असोज १७।** महानगरीय प्रहरी अपराध महाशाखाले अवैध रुपमा पटका, आतिसबाजीजन्य पदार्थको भण्डारण गर्ने कार्यमा संलग्न रहेको आरोपमा एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा रामनगर गाउँपालिका-१ सर्लाही घर भइ हाल काठमाडौंको कागेश्वर बस्दै आएका ३० वर्षीय कामेश्वर प्रसाद यादव रहेका छन् । यादवले विभिन्न मितिमा उपत्यका बाहिरबाट गैरकानूनी रुपमा लुकाइछिपाइ पटाका, भुइँचम्पा लगायतका आतिसवाजीजन्य विष्फोटक पदार्थहरु विजयादशमी तथा दीपावलीलाई लक्षित गरी भण्डारण गरेको प्रहरीको दाबी छ ।

# फरार प्रतिबादी पक्राउ

**विराटनगर, असोज १७।** १ नम्बर प्रदेश प्रहरी कार्यालय आरआईटी समूहबाट खटिएको प्रहरी टोलीले चोरी मुद्दाको र बैदेशिक रोजगार ठगी कसूर मुद्दामा कसुरदार ठहरी फरार भएका २ जना प्रतिबादीहरुलाई आइतवार पक्राउ गरी अदालतमा पेश गरी कारागार चलान गरेको छ ।

केही सार्वजनिक अपराध मुद्दामा मोरङ जिल्ला अदालतबाट मिति २०७२ चैत ११ गतेको सजाय निर्धारण फैसला आदेशले दुई हजार रुपैयाँ जरिवाना भई लगत नं. ५६४९ र नकावजनी चोरी मुद्दामा मिति २०६८ भदौ २९ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमशः १ महिना २ दिन कैद तथा ६ हजार रुपैयाँ जरिवाना भई लगत नं. ३५०९मा कैद जरिवाना बेरुजु रही असुल गर्न बाँकी रहेका मोरङ बिराटनगर महानगरपालिका-८का ३४ बर्षीय अजय रायलाई खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा फेला पारी अदालतमा दाखिला गरेको तथा मोरङ जिल्ला अदालतबाट कैद भुक्तानको लागि कारागार चलान गरेको हो ।

यसैगरी सुनसरी जिल्ला अदालतको मिति २०७२ चैत १ गतेको फैसला आदेशले क्रमशः ३ बर्ष कैद तथा तीन लाख रुपैयाँ जरिवाना भई लगत नं. ७१८७ मा जरिवाना बेरुजु रही असुल गर्न बाँकी रहेका जिल्ला सुनसरी धरान उपमहानगरपालिका- ९ घर भई हाल धरान-७ का ३४ बर्षीय रवीन बोगटीलाई अदालतमा दाखिला गरेको तथा सुनसरी जिल्ला अदालतबाट कैद भुक्तानको लागि कारागार चलान गरेको प्रहरीले जनाएको छ ।

# अलपत्र रिफ्रेसमेन्ट सेन्टर निर्माण

**झापा, अअसोज १७।** सरकारले सप्तकोशीको बाढीले बालुवामा परिणत गरेको जग्गालाई अधिग्रहण गरी रिफ्रेसमेन्ट सेन्टर निर्माणको प्रक्रिया अघि बढाएको थियो ।

प्रदेशकै मात्र नभई मुलुककै नमूना दाबी गरिएको उक्त परियोजनाले पूर्वलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न मद्दत पुऱ्याउने बताइएको थियो । परियोजना अन्तर्गत कोशी कटान क्षेत्रमा सुविधा सम्पन्न होटल, सात तले कम्प्लेक्स्, स्वास्थ्य चौकी भवन, पेट्रोल पम्प, बसपार्क, भ्यू टावर, स्वीमिङ पुल र लिफ्टसहितको आकाशे पुल लगायतका संरचना निर्माण गर्ने योजना समावेश छ । तर, अहिलेसम्म जग्गा अधिग्रहण र माटो सम्याउने बाहेकको कुनै प्रगति हुन सकेको छैन् ।

काठमाडौको कवीन्द्र नवसिर्जनशील जेभीले ठेक्का पाएको उक्त परियोजना निर्माणको काम शुरु गरिने भनिएको निर्माण स्थलमा शिलान्यास यता प्रदेश सरकारका कोही पनि मन्त्री पुग्न सकेका छैनन् ।

परियोजना कार्यान्वयनमा चासो नदिएको तत्कालीन शेरधन राई नेतृत्वको सरकार विघटन भइसकेको र अल्पमतमा परिसकेको अहिलेको प्रदेश सरकार पनि आफ्नो आयु लम्ब्याउन केन्द्रित रहेकाले आयोजनाले गति लिन नसकेको हो । जग्गा अधिग्रहणको काम सम्पन्न भएर पनि कामले गति लिन नसक्नुमा प्रदेश सरकारको लापर्वाही रहेको स्थानीय जनप्रतिनिधिको भनाइ छ ।

दुई अर्ब रुपैयाँ अनुमानित लागत रहेको परियोजनाको पहिलो चरणमा २७ करोड पाँच लाख १९ हजार रुपैयाँ बराबरको काम थालिने बताइएको थियो । तीन वर्षभित्रमा सम्पन्न गरिसक्ने लक्ष्य राखिएको सेन्टरको भौतिक प्रगति अहिलेसम्म साढे ६ प्रतिशत मात्र रहेको छ ।

प्रदेश सरकारले दुई वर्ष अघिबाटै काम अघि बढाएको भएपनि योजना अनुसार कामले गति लिन नसक्दा स्थानीयसमेत निराश भएका छन् । सरकारले सप्तकोशीको बाढीले बालुवामा परिणत गरेको जग्गालाई अधिग्रहण गरी रिफ्रेसमेन्ट सेन्टर निर्माणको प्रक्रिया अघि बढाइएको थियो ।

प्रदेशकै मात्र नभई मुलुककै नमूना दाबी गरिएको उक्त परियोजनाले पूर्वलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न मद्दत पुऱ्याउने बताइएको थियो । परियोजना अन्तर्गत कोशी कटान क्षेत्रमा सुविधा सम्पन्न होटल, सात तले कम्प्लेक्स्, स्वास्थ्य चौकी भवन, पेट्रोल पम्प, बसपार्क, भ्यू टावर, स्वीमिङ पुल र लिफ्टसहितको आकाशे पुल लगायतका संरचना निर्माण गर्ने योजना समावेश छ । तर, अहिलेसम्म जग्गा अधिग्रहण र माटो सम्याउने बाहेकको कुनै प्रगति हुन सकेको छैन् ।

काठमाडौको कवीन्द्र नवसिर्जनशील जेभीले ठेक्का पाएको उक्त परियोजना निर्माणको काम शुरु गरिने भनिएको निर्माण स्थलमा शिलान्यास यता प्रदेश सरकारका कोही पनि मन्त्री पुग्न सकेका छैनन् ।

परियोजना कार्यान्वयनमा चासो नदिएको तत्कालीन शेरधन राई नेतृत्वको सरकार बिघटन भइसकेको र अल्पमतमा परिसकेको अहिलेको प्रदेश सरकार पनि आफ्नो आयु लम्ब्याउन केन्द्रित रहेकाले आयोजनाले गति लिन नसकेको हो । जग्गा अधिग्रहणको काम सम्पन्न भएर पनि कामले गति लिन नसक्नुमा प्रदेश सरकारको लापर्वाही रहेको स्थानीय जनप्रतिनिधिको भनाइ छ ।

दुई अर्ब रुपैयाँ अनुमानित लागत रहेको परियोजनाको पहिलो चरणमा २७ करोड पाँच लाख १९ हजार रुपैयाँ बराबरको काम थालिने बताइएको थियो । तीन वर्ष भित्रमा सम्पन्न गरिसक्ने लक्ष्य राखिएको सेन्टरको भौतिक प्रगति अहिलेसम्म साढे ६ प्रतिशत मात्र रहेको छ । प्रदेश सरकारले दुई वर्ष अघिबाटै काम अघि बढाएको भए पनि योजना अनुसार कामले गति लिन नसक्दा स्थानीय समेत निराश भएका छन् ।

# मेची राजमार्ग अवरुद्ध

**इलाम, असोज १७।** मेची राजमार्ग अन्तर्गत इलाम नगरपालिका धोबीधारा नजिकै सडक भत्किएपछि यातायात अवरुद्ध भएको छ। इलाम बजार नजिकै पहिरो गएर सडक अवरुद्ध भएपछि वैकल्पिक सडक प्रयोगमा ल्याइने भएको छ।

शनिबार बिहान सडकको ८५ प्रतिशतभन्दा बढी भाग पहिरोले लगेपछि सवारी सञ्चालन हुनसकेका छैनन् । तत्काल सो राजमार्ग मर्मत, सुधार गर्न नसकिने भएपछि डाइभर्सन गरी सवारी पास गराइने भएको हो । भत्किएको सडक चाँडो सञ्चालन गर्न/गराउन सडक डिभिजन कार्यालय इलामलाई अनुरोध गरिएको इलाम नगरपालिकाले जनाएको छ ।

भानुपथबाट चोकबजारतर्फ आउने साना गाडीलाई एकतर्फी सवारी नियम लगाई शान्तिचोक, ग्रिनभ्याली हुँदै राजमार्ग पठाउने र भानुपथबाट चोकबजारतर्फ आउने साना सवारीलाई एकतर्फी सवारी नियम लगाई शान्तिचोक, मालापथ आदर्श मावि हुँदै राजमार्ग पठाइने भएको छ । त्यस्तै धोवीधारातर्फबाट इलाम बजार आउने साना सवारीलाई नेपाल बैंकको मोडबाट वन कार्यालय, चियाबारी, क्याम्पस हुँदै टुँडिखेलतर्फ पठाउने नगरपालिकाका प्रशासकीय अधिकृत रामकुमार साहले जानकारी दिए । उनका अनुसार धोवीधारातर्फबाट इलामबजार ट्याक्सीस्टेण्ड आउने साना भ्यानलाई नेपाल बैंकको मोडबाट वन कार्यालय, चियाबारी, डाँफे गेस्टहाउस, ग्रिनभ्यू गेस्ट हाउस, नवीन चोक हुँदै ट्याक्सी स्टेण्डमा पठाइने नगरपालिकाले जनाएको छ ।

यस्तै हेभी गाडीलाई राजमार्ग सञ्चालन नहुञ्जेलसम्म उल्लेखित बाटोमा परिचालन गर्न रोक्ने र अन्य हेभी सवारीलाई सम्भव भएसम्म रातको समयमा महानन्दचोकबाट इलामबजार हुँदै धोवीधारासम्मको बाटो प्रयोग गर्न ट्राफिक प्रहरीमार्फत फिक्कल, बिर्तामोड, फिदिम ताप्लेजुङसम्मका हेभी सवारी चालकलाई अनुरोध गरिएको छ । पहिरोले सडक भत्किएपछि इलाम बजार क्षेत्रका केही घर समेत जोखिममा परेका छन् ।

## प्रहरी ...

अभियान अन्तर्गत बिर्तामोडस्थित निर्माणाधीन ट्राफिक प्रहरी भवन परिसरमा आइतवार वृक्षरोपण गरिएको छ । वृक्षरोपण अभियानमा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक निशेष चापागाँईले फलफूलका विरुवा रोपेर अभियानको उद्घाटन गरेका थिए ।

## छुट्टाछुट्टै ...

घाइते भएका थिए । गम्भीर घाइते भएका भण्डारीको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचारको क्रममा आइतबार मृत्यु भएको डीएसपी थापाले जानकारी दिए । यता, इलाका प्रहरी कार्यालय झिलझिलेले चालक भण्डारी र मोटरसाइकललाई नियन्त्रणमा लिएको छ ।

## अधिकाश ...

तथा फाइबरको बक्यौता रकम भुक्तानी नगरेको भन्दै विद्युत् प्राधिकरणले इन्टरनेटका तार काटेको हो । प्राधिकरणले यसअघि नै विभिन्न समयमा तीनपटक सार्वजनिक सूचना नै प्रकाशन गरी यही असोज १५ गतेसम्म बक्यौता रकम भुक्तानी नभए तार काट्ने चेतावनी दिएको थियो । सोही अनुसार १६ गतेदेखि प्राधिकरणले तार काटेको हो ।

# ज्येष्ठ नागरिक दिवसमा सम्मान

**दुर्गापुर, असोज १७।** अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा कनकाई नगर समितिले १० जना ज्येष्ठ नागरिकलाई सम्मान, औषधि वितरण तथा सचेतना कार्यक्रम सम्पन्न गरेको छ ।

ज्येष्ठ नागरिक संघ कनकाई नगर समितिको आयोजनामा चम्पापुर गायत्री मन्दिरमा आयोजित कार्यक्रममा ज्येष्ठ नागरिकलाई सम्मान गरिएको हो । नगर अध्यक्ष पुण्यप्रसाद बाह्रकोटीको अध्यक्षता एवम् कनकाई नगरपालिकाका कार्यवाहक प्रमुख तथा वडाध्यक्ष गोविन्द पौडेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संघका सचिव यामनाथ सेढाईले औचित्यसहित स्वागत गरेका थिए । पुण्यप्रसाद अधिकारी र मेघनाथ नेपालले स्वस्ती वाचन, जमुना संग्रौला र सीता रिजाल ओलीले भजन प्रस्तुत गरेको कार्यक्रममा पदमप्रसाद ओलीले संघको अवस्था र स्थानीय ज्येष्ठ चौतारीका विषयमा जानकारी गराएका थिए ।

कार्यक्रममा वडा नम्बर ३का अध्यक्ष रुद्रप्रसाद चिमरिया, तुलाराम बस्नेत, टीका खतिवडा भट्टराईले ज्येष्ठ नागरिकहरुको हकहित र संरक्षणका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

त्यस अवसरमा ज्येष्ठ नागरिकहरुका लागि सचेतना कार्यक्रमका बारेमा जानकारी दिँदै नेपाल नेत्र ज्योति संघका झापा अध्यक्ष मेमलाल राजवंशीले आँखाको सुरक्षा र उपचार बारेमा प्रकाश पारेका थिए ।

त्यस्तै हरिशरण खड्काले नेपाल रेडक्रस सोसाइटी झापा शाखाबाट विपद् व्यवस्थापनका सम्बन्धमा अपनाउनुपर्ने सावधानीका बारेमा ज्येष्ठ नागरिकहरुलाई जानकारी गराएका थिए ।

कार्यक्रमका विशेष अतिथि मेची प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ड डा. टंकप्रसाद बाह्रकोटीले विद्यमान कोभिड महामारी र त्यसबाट जोगिन अपनाउनुपर्ने सावधानी, मास्कको प्रयोग लगायतमा प्रकाश पार्दै मेची अस्पतालमा ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारको विषयमा जानकारी दिएका थिए । त्यस अवसरमा जिल्ला स्वास्थ्य कार्यालयको सहयोग र डा. बाह्रकोटीको पहलमा प्राप्त आधारभूत औषधिहरु वितरण गरिएको थियो । रक्तचाप, मधुमेह, जुका, आँखा, कान, छालासँग सम्बन्धी रोगका औषधि र जीवनजल निःशुल्क वितरण गरिएको थियो । संघका नगर सचिव शम्भुप्रसाद पोखरेलले सञ्चालन गरेको कार्यक्रममा सम्मानितहरुका तर्फबाट केदार चुडालले धन्यवाद ज्ञापन गरेका थिए ।

# गौराहद नेपाल राष्ट्रिय बंगाली समाज गठन



**झापा, असोज १७।** नेपाल राष्ट्रिय बंगाली समाज गौरादह नगर समिति गठन गरिएको छ ।

गौरादहमा आइतबार बंगाली समुदायको एक भेलाले जया चक्रवर्तीको अध्यक्षतामा गौरादह नगर समिति गठन गरेको हो । भेलाले सर्वसम्मत रुपमा समितिको सचिवमा आशिष स्वर्णकार, सहसचिवमा चन्दन मण्डल र कोषाध्यक्षमा प्रतिभा चक्रवर्तीलाई चयन गरेको छ ।

त्यस्तै समितिको सदस्यहरूमा रामलाल मण्डल, गोविन्द मण्डल, मानिक मण्डल र शीतल मण्डल चयन भएका छन् । उपाध्यक्ष लगायत अन्य सदस्यहरूलाई नगर समितिको बैठकले क्रमशः चयन गर्दै जाने बताइएको छ । रञ्जित मण्डल (भोला) को अध्यक्षता तथा नेपाल राष्ट्रिय बंगाली समाजका केन्द्रीय सदस्य अनुप रायको प्रमुख आतिथ्यमा भएको भेलामा सञ्जय सरकार, तापोस् दत्त, गोविन्द मण्डल, आशिष स्वर्णकार, प्रतिभा चक्रवर्ती लगायतले आ-आफ्नो धारणा राखेका थिए । केन्द्रीय समितिले देशभर छरिएर रहेका बंगाली समुदायको हक अधिकार सुनिश्चितताका लागि बंगाली आयोग गठन गर्न दबाब दिन राष्ट्रव्यापी अभियान थालेको छ ।

सोही अभियान अनुसार जिल्लाको भद्रपुर, बिर्तामोडपछि गौरादहमा नगर समिति गठन गरेको हो । अब जिल्लाका स्थानीय तहहरूमा समिति गठन गर्नुका साथै जिल्ला समिति गठन गर्ने अभियानलाई तीव्रता दिने बताइएको छ ।

## झापाका ...

मेची अञ्चलकै प्रमुख व्यापारिक केन्द्रका रुपमा विकास भएको झापाको बिर्तामोडलाई व्यवस्थित गर्न झण्डै तीन करोड रुपैयाँको लागतमा यो वसपार्क निर्माण गरिएको हो । तर, यो बसपार्क अझैं व्यवस्थित भने हुन सकेको छैन । जसका कारण सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रु ठगिएलान् भन्ने चिन्ता हरेक वर्ष हुने गरेको छ । ट्राफिक प्रहरीको अगुवाइमा यात्रु सहायता कक्ष स्थापना भए पनि बसपार्क क्षेत्रमा यातायात व्यवसायीको उपस्थिति नहुँदा कमिसनका कारण यात्रुहरु ठगिने गरेको टेकबहादुर गिरी नयाँ वसपार्कका संयोजक धनराज गुरुङ बताउँछन् ।

सार्वजनिक यातायातमा यात्रा गर्ने कुनै पनि यात्रुले ठगिनु नपरोस् भन्ने अभिभारा स्थानीय सरकारको पनि हो । तर,यो वर्सपार्कमा स्थानीय सरकारको उपस्थिति नहुँदा यातायात व्यवसायीमा हानथापको अवस्था छ । जसका कारण यो वसपार्कले चाहे जति विकास गर्न सकेको छैन । अर्जुनधारा र बिर्तामोड नगरपालिकाको स्वामित्व विवादका कारण यो बसपार्क लामो समयदेखि व्यवस्थित हुन नसक्दा यात्रु ठगिने गरेका छन् । तर, चाडवाडलाई लक्षित गर्दै प्रहरीले देशभर नै शुरु गरेको अभियान अन्तर्गत बिर्तामोडमा ट्राफिक प्रहरीले स्थापना गरेको यात्रु सहायता कक्षका कारण यो वसपार्कबाट सार्वजनिक यातायातमा आवतजावत गर्ने यात्रु ठगिनबाट जोगिने अपेक्षा गरिएको छ । किनकि यो अभियानमा ट्राफिक प्रहरीले यातायात व्यवसायी, यातायात क्षेत्रमा काम गर्ने मजदुर, सरोकारवाला निकाय सबैसँग हातेमालो गरेर सचेतना अभियानका कार्यक्रमलाई अघि बढाएको छ ।

## स्वीस ...

पाँच वटा बुँदा उल्लेख गरिएको छ । न्यूनतम् पूर्वाधारको बुँदा अन्तर्गत चारवटा दमकल राख्ने सेड, शववाहन लगायत चारवटासम्म साना वाहन राख्ने, सेड, दमकल र साना वाहन मर्मत गर्ने कार्यशाला, पानी जम्मा गर्ने ठाउँ, विपद् सामग्री भण्डारण गर्ने गोदाम, प्रहरी तथा कामदार र कर्मचारीहरु बस्ने घर, हेली प्याड् निर्माण गरिने उल्लेख गरिएको छ ।

हाल केन्द्र स्थापनाको लागि अर्जुनधारा-१स्थित मदनपुरमा आवश्यक जमिनको व्यवस्थापन गरी जीओटेक सर्वे र डीपीआर निर्माणको कार्य भइरहेको छ । यस अघि अर्जुनधारा-११स्थिन देउनीयामा केन्द्र स्थापना गर्न जीओटेक सर्वेको कार्य भइरहँदा उक्त जमिनमा भोगचलन दावी विवाद देखिएपछि केन्द्र स्थापना गर्ने कार्यलाई अर्जुनधारा-१मा स्थानान्तरण गरिएको छ ।


## सटर विक्रीमा

बिर्तामोड सिटी सेन्टरभित्र फ्रन्टलाइनमा रहेको फेन्सीलाईको नजिक जुनसुकै व्यवसाय गर्न उपयुक्त सटर विक्रीमा छ ।

**सम्पर्कः ९८१४९३४९६५, ९८१४९३४९६९**



## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

**दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि**

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

**नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।**



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय, झापा**
१ नं. प्रदेश

## सिद्धि खोला सडक पुल आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७८।०६।१८ गते)*

१ नं. प्रदेश, इलाम जिल्ला, रोङ गा.पा.-६ (दायाँ किनार) र सूर्योदय न.पा.-५ (बायाँ किनार) मा पूर्वाधार विकास कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, भद्रपुर, झापा<br>इमेलः : idojhapa11@gmail.com फोन नं. ९७७-०२३-४५६३२९ |
| प्रस्तावको व्यहोरा | झिरमले-सन्दकपुर सडकमा पर्ने सिद्धि खोला माथि दाँया किनारा रोङ गा.पा.-६ र बायाा किनारा सूर्योदय न.पा.-५ मा ७५ मि. लम्बाई र ८.४ मि. चौडाई भई ६.० मि. Carriage way width भएको आर.सी.सी. क्यान्टिलिभर प्रकारको सडक पुल निर्माण गरिने भएको छ । उक्त पुल तीनवटा स्पान भएको हुनेछ भने जग खुल्ला किसिमको हुनेछ । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा./वडा/बस्तीहरु | इलाम जिल्ला, रोङ गा.पा.-६ (दायाँ किनार) र सूर्योदय न.पा.-५ (बायाँ किनार) को सलकपुर प्रत्यक्ष रुपमा प्रभाव पर्ने र अप्रत्यक्ष रुपमा माथि उल्लेखित न.पा. र गा.पा.को बाकि वडाहरु। |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धि प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, भद्रपुर, झापा<br>इमेलः idojhapa11@gmail.com फोन नं. ९७७-०२३-४५६३२९ |
| परामर्शदाताको नाम र ठेगाना | इको फ्रेन्ड इन्टरनेशनल प्रा.लि., ललितपुर-२, सानेपा<br>इमेलः ecofriend.nepal@gmail.com फोन नं.: ९८५११२७८६७ |


## अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा

**VARANNYA HEALTHCARE AT HOME**

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**

*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं ।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं ।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं ।

**उपलबध हुने सेवाहरू**

- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

**तपाईंहरुको सेवामा समर्पित**

**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**

**बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)**

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरूद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं ।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ । यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा ।

*रिपोर्ट पोजेटिभ आए :*

होम आइसोलेसन प्याकेज अन्तर्गत :

- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा ।

**Post-Covid Management**

कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा

- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## सुरक्षा व्यवस्था प्रभावकारी होस्

**नेपालीको ठूलो चाडपर्वले घरको संघार टेक्नै लागेको छ । अर्थात् अबको तीन दिनपछि वडादशैं घरको मझेरीमा पसिसकेको हुनेछ । वर्ष दिनमा आउने चाडपर्वहरूमा दशैंको विशेष महत्व छ । सत्य, न्याय र देवी शक्तिको उपासना गरिने दशैं घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म अर्थात् पन्ध्र दिनसम्म मनाइन्छ । बढी समयसम्म मनाइन्छ कारणले पनि दशैं सबै नेपालीको साझा चाड बनिएको छ । राम्रो लाउने र मीठो खाने पर्वका रूपमा पनि चिनिएको दशैंलाई चोरीडकैती, सामाजिक अपराध र दुर्घटनारहीत मनाउने परिस्थिति निर्माण गर्न देशभरका प्रहरी संयन्त्र क्रियाशील हुन्छन् नै । तर, यो वर्ष नेपाल प्रहरीको निर्देशनमा झापा प्रहरीले योजनावद्ध सुरक्षा रणनीति अख्तियार गरेको छ । यसका लागि एक हजारभन्दा बढी प्रहरीहरूलाई क्रियाशील गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक सानुराम भट्टराईले जानकारी दिए । चाडपर्वका समयमा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्न एक हजारभन्दा बढी प्रहरी परिचालन गरिने उनले बताएका छन् ।**

**चाडपर्वका बेला हुने अराजक तथा उच्छृंखल गतिविधिलाई नियन्त्रण गर्न, झैं-झगडा, चोरी, लुटपाट, जुवातास लगायतका अपराध तथा विकृति रोक्न लागू गरेको सुरक्षा योजनाको प्रभावकारिताले प्रहरीप्रतिको सम्मान बढ्नेछ । एकातिर कोरोनाको त्रास कायम छ भने अर्कातिर चाडपर्वमा हुन सक्ने असुरक्षाको डर पनि यथावत छ । यस्तो बेला अवैध कारोबार गर्नेहरू पनि सक्रिय हुने गरेको विगतको अनुभवबाट प्रहरीले अझै बढी सचेत र सक्रिय हुनुपर्छ । खुल्ला सीमानाको फाइदा उठाउँदै कालोबजारी र तस्करी गर्नेहरू यस्तो पर्वका समय बढी सक्रिय हुन्छन् । यहीबेला सवारी चाप बढ्छ र सवारी दुर्घटनाको सम्भावना पनि धेरै हुन्छ । त्यसैले यी सबैखाले विकृति, अपराध र घटनाहरूको नियन्त्रण गर्न ठाउँको पहिचान गरी प्रहरीले विशेष सुरक्षा नीति अवलम्बन गर्नुपर्छ । झापा प्रहरीले त्यही आवश्यकता बोध गरेर थालेको अभियानले सबैखाले विसङ्गतिहरूलाई न्यूनीकरण मात्रै गर्न सक्यो भने पनि यो झापालीका लागि सुखद् कुरा हुनेछ ।**

**कोरोनाले सुस्ताएको नेपाली अर्थव्यवस्था, जीवन र क्षेत्रमा प्राण सञ्चार हुन निक्कै समय लाग्ने निश्चित छ । सरकारले यस अघिको प्रतिबन्ध हटाइसकेको छ । जसका कारण सम्पूर्ण क्षेत्रले 'लय' समाउन थालेका छन् । यद्यपि स्वास्थ्य मन्त्रालयले स्वास्थ्य मापदण्डको प्रयोग गर्न अनुरोध गरिरहेको छ । संक्रमणको जोखिम कायम रहेको भन्दै आवश्यक नपरी घर बाहिर ननिस्कन सुझाव दिइरहेकै छ । तर, सर्वसाधारणले न अनुरोध सुनेको छ न त मापदण्ड पालना गरेको नै देखिन्छ । चाडपर्वका कारण बजारमा भीडभाड बढी हुने र बैंक तथा वित्तीय क्षेत्रहरूमा लुटपाटका घटना हुने सम्भावना धेरै भएकाले त्यस्ता ठाउँमा सादा पोशाकमा प्रहरी परिचालन गरिनु, उच्च निगरानीमा राख्नु सुरक्षाका दृष्टिले पनि सान्दर्भिक छ । त्यसैले झापा लगायत देशभरका संवेदनशील क्षेत्रहरूमा प्रहरीले लागू गरेको विशेष सुरक्षा व्यवस्थाले आममानिसलाई निश्चिन्त बनाउन सक्नू पर्छ । सबै अपराध नियन्त्रण गर्न र अवैध गतिविधि रोक्न प्रहरी सक्रियता सफल होस् । उपभोक्ता नठगिउन्, जनस्वास्थ्य माथि खेलवाड नहोस् र हामी पनि जिम्मेवार बनौं यसैमा सबैको जय हुन्छ ।**

# गरिबी र अभावको दशैं



**उद्धव सिलवाल**

पछिल्लो समयमा मूल्यवृद्धि चुलिएको छ। बढ्दो मूल्य वृद्धिसँगै आम नागरिकको क्रयशक्तिको पहुँच बाहिर दैनिक उपभोग्य वस्तुको मूल्य पुगेको छ। कोभिडले सृजना गरेको बढ्दो वेरोजगारीका कारण एकछाक खान पनि औसत नेपालीलाई धौ-धौ पर्ने अवस्था सृजना भइसकेको छ।

अहिलेको अर्थतन्त्रलाई सन्तोषजनक मान्ने अवस्था नरहेको नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आर्थिक वर्षको साउन महिनाको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिले देखाएको छ। चालू आवको पहिलो महिनामा मुलुकको आर्थिक स्थिति अघिल्लो समयको अनुपातमा कमजोर देखिएको छ। अर्थतन्त्रका अधिकांश सूचक कमजोर रहेको पनि सोही प्रतिवेदनले देखाएको छ।

चालू आर्थिक वर्ष २०७८/०७९ को साउनमा विप्रेषण आप्रवाह १८ दशमलव १ प्रतिशतले घटेर ७५ अर्ब ९६ करोडमा खुम्चिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रेमिट्यान्स २३ प्रतिशतले बढेको थियो। रेमिट्यान्समा आश्रित अर्थतन्त्रमा यसले नकारात्मक प्रभाव पार्ने सम्भावना बढेको छ। मुलुकमा भित्रिने रकमको तुलनामा बाहिरिने रकमको अनुपातमा वृद्धि भएपछि शोधनान्तर स्थिति घाटामा गएको हो।

शोधनान्तर स्थिति ३८ अर्ब ७५ करोड रुपैयाँ घाटामा छ। अघिल्लो वर्ष यो ५१ अर्ब ४६ करोड रुपैयाँ बचतमा थियो। असार मसान्तसम्म विनिमय सञ्चिति १३ खर्ब ९९ अर्ब रुपैयाँ रहेकोमा साउनमा ३ दशमलव २ प्रतिशतले घटेर १३ खर्ब ५३ अर्ब रुपैयाँमा खुम्चिएको छ। आयात र निर्यातबीचको असन्तुलनसँगै पुँजी पलायन भएको आशंका बजारमा देखिन थालेको छ।

बढ्दो मूल्य वृद्धिले आम्दानी र खर्चको अनुपातको दूरी बढेका कारण सर्वसाधारणसँग रकम अभाव बढ्न थालेको छ। सर्वसाधारणसँग मात्र नभएर बैंक तथा वित्त संघ, संस्थामा समेत पर्याप्त पुँजी रहेको देखिँदैन। किनकि त्यस्ता वित्तीय संस्थाले निक्षेप आकर्षित गर्न ब्याजदर बढाउन थालेका छन्। उच्च ब्याजदरका कारण वस्तु तथा सेवाको मूल्य पनि स्वचालित रूपमा महँगो हुन थालेको छ। यस्तो अवस्थाले आम नागरिक र लगानीकर्तामा उद्योग व्यवसायमा लगानीको सट्टा बैंकमा पैसा राख्ने प्रवृत्ति हावी हुन सक्ने सम्भावना देखिएको छ। त्यस्तो भएमा निर्यात व्यापार अहिलेको भन्दा अझ घट्ने छ।

मुलुकको औद्यौगिक वातावरणमा सुधार आउन सकेको छैन। यो भनेको रोजगारका क्षेत्र संकुचनतर्फ जानु हो। यसले आम नागरिकको क्रयशक्तिमा ह्रास ल्याउँछ भने यसविपरीत महँगी समस्या चर्काउन सहयोग पुऱ्याउनेछ। जसको असर राजश्वमा समेत पर्छ। राजस्वमा असर पर्ने बित्तिकै सरकारले विकास निर्माणलाई तीव्रता दिन सक्दैन। सरकारले निजी लगानीकर्तालाई आश्वासन दिए पनि विश्वासमा लिन सकेको छैन। निजी क्षेत्र र आम नागरिकको विश्वास सरकारले जित्न नसक्नुमा विभिन्न राजनीतिक दलमा आबद्ध व्यक्ति, संघ तथा संगठनलाई नै मानिँदै आएको छ।

केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरे अनुसार अहिले हाम्रो जनसंख्या करिब ३ करोड रहेको छ। यस्तो अवस्थामा पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)ले विद्यमान अवस्थामा रहेको १८ दशमलब ७ प्रतिशतको गरिबीलाई आ.व. २०८०/८१ मा ९ दशमलब ५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ।

यो भनेको अझै पनि मुलुकमा ५६ लाख जनता गरिबीको संख्या रहेको पुष्टि हुन्छ। यसअघि १४ औँ योजनामा गरिबी २१ दशमलब ६ प्रतिशतबाट १७ प्रतिशतमा झार्ने लक्ष्य राखिए पनि उक्त लक्ष्य पूरा हुन सकेन। त्यसैले यसलाई संशोधन गर्दै १८ दशमलब ७ मा झार्ने लक्ष्य राखिको हो। तर, व्यवहारमा भने यो संख्या धेरै माथि रहेको छ। विद्यमान अवस्थामा विगत वर्ष जस्तै यो वर्ष पनि बजारमा दशैंको रौनक शुरु भएको छ। प्रत्येक वर्ष जस्तै यो वर्ष पनि चाडपर्व शुरु हुनुभन्दा अघिबाट बजारमा मूल्य आकाशिएको छ। दशैं आउन करिब दुई साता मात्रै बाँकी छ। मूल्य वृद्धि धेरै माथि पुगिसकेको छ। वर्षेनि यसरी नै अनियन्त्रित मूल्य वृद्धि हुन्छ। तर, राज्य संयन्त्रले यसलाई नियन्त्रण गरेको देखिँदैन।

यस्तो कार्यलाई प्रणालीगत त्रुटि भनेर चित्त बुझाउनु बाहेक आमनागरिकसँग अर्को विकल्प छैन। स्वभाविक प्रणालीभन्दा बाहिर गएर मूल्य बढाउन क-कसको भूमिका छ त्यसबारे भने सबै तैं चुप, मैं चुपको अवस्थामा रहुन मुलुकका लागि ठूलो विडम्बना बन्न पुगेको छ। राज्य संयन्त्र, अनुगमन गर्ने निकाय र व्यवसायीबीचको सुमधुर सम्बन्ध कै कारण मूल्य वृद्धि नियन्त्रण बाहिर गएको भन्ने सबैलाई थाहा भएकै विषय हो। तर, यतिखेर राज्य भने बजार अनुगमन गर्ने बहानामा सडक पसलमा चेक जाँचमा लागिपरेको छ। यो त केवल हात्तीको देखाउने दाँत जस्तो मात्रै भएको छ। बढ्दो मूल्य वृद्धिलाई थेग्न सक्ने अवस्था सर्वसाधारणले गुमाइसकेका छन्। आम्दानीको अनुपातमा मूल्य बढ्ने प्रतिशत धेरै माथि पुगिसकेको छ।

हामी जस्ता सर्वसाधारणका लागि पेट ढाक्न बाहेक अर्को विकल्प सोच्न सक्ने अवस्था छैन। पछिल्लो समय कोभिडले त्यही पेट ढाक्न पनि नसक्ने अवस्था सृजना गरेको छ। भोक र रोगसँग सकी/नसकी सामाना गरिरहेको पीडा राज्य, रोजगारदातादेखि योसँग सम्बन्धित कसैले पनि महशुस गर्न सकेको देखिँदैन। मिठो-मसिनो खाने वर्गलाई अझै पनि भोकको पीडा थाह छैन। यसैमा हुने खाने सम्भ्रान्त वर्ग रमाइरहेका छन् भने गरिबीको रेखामुनि बाँच्न विवश समुदाय भगवान्लाई सम्झनु बाहेक अरू केही गर्न सक्ने अवस्थामा छैनन्।

वर्तमान सरकारले ल्याएको संशोधित बजेटमा कोभिड-१९ को प्रभावबाट रोजगारी र आयआर्जन गुमाएका अनौपचारिक एवम् असंगठित क्षेत्रमा रहेका अति विपन्न गरीब पाँच लाख परिवारलाई राहत स्वरूप एक पटकका लागि प्रतिघर परिवार १० हजार रुपैयाँका दरले निश्चित मापदण्डका आधारमा नगद अनुदान प्रदान गर्ने विषय राखे पनि भर्खर मात्रै प्रतिनिधि सभा र राष्ट्रिय सभाले बजेट पास गरेका कारण आफ्ना कार्यकर्तालाई खुशी पार्न राखिएको व्यवस्था पनि दशैंमा लागू गर्न सक्ने अवस्था देखिएको छैन।

अहिलेको अवस्थामा चाडपर्वले अर्थतन्त्रलाई तत्कालीन लाभ वा चलायमान बनाए पनि अर्थतन्त्रको जग बलियो बनाउनका लागि महत्वपूर्ण योगदान दिन सक्दैन। पर्व विशेषमा वस्तुको माग अधिक हुने हुँदा जनताले खर्च बढी गर्छन्। यो समयमा वस्तुको मूल्यमा केही छुट तथा कमिशन प्रदान गरी व्यवसायीले नयाँ रणनीति अवलम्बन गर्ने परिपाटी अहिले पनि देखिएको छ। कोरोना महामारी केही शिथिल भए पनि अर्थतन्त्रमा अभूतपूर्व अनिश्चितता छाएको छ। घरपरिवारको तहमा खर्चयोग्य आम्दानी हुनेहरू पनि उपभोग घटाइरहेका छन्। यस्तो अवस्थामा अनौपचारिक क्षेत्रमा काम गर्नेको जीवन कसरी सञ्चालन होला भनेर सोच्दा समेत कहालीलाग्दो अवस्था सृजना हुन थालेको छ।

केन्द्रीय बैंकले सार्वजनिक गरेको तथ्यांकमा मूल्य वृद्धि प्रत्येक वर्ष घट्ने क्रममा रहेको देखाइन्छ। तर, व्यवहारमा त्यसको ठीक विपरीत रहेको देखिन्छ। सो सम्बन्धमा 'समकालीन नेपालको अर्थ राजनीति परीक्षण, कम्पन र आशा' नामक पुस्तकमा पूर्व अर्थमन्त्री एवम् अर्थविद् डा. रामशरण महतले पछिल्लो समयको रोचक पक्षको रूपमा उपभोग्य वस्तुको मूल्य घट्दै जाने प्रवृत्तिलाई उजागर गरेका छन्।

पुस्तकमा भनिएको छ- 'उपभोक्ता मूल्य सूचकांकमा अघिल्लो वर्षको तुलनामा उल्लेख मात्रामा गिरावट आए पनि उपभोक्ताले भने मुद्रास्फीति घटे अनुसारको प्रभाव उपभोग्य सामानमा महशुस गर्न सक्दैन। यस्तो विरोधाभाषी तथ्य देखिनुको कारण उपभोक्ता मूल्य सूचकांकहरूको तथ्यांक लिँदा वस्तु तथा सेवालाई दिइएको विभिन्न भार यथार्थपरक नभएको र आम उपभोक्ताले भोगिरहेको खर्चिलो र महँगो दैनिकीमा प्रतिविम्वित नभएकाले हो।'

मुलुकमा विगतको राज्यकेन्द्रित आर्थिक नीतिलाई सन् १९९० मा भएको परिवर्तनपछिको उदार प्रजातान्त्रिक मूल्य र मान्यता अन्तर्गत खुला एवम् उदारवादी प्रणालीमा रूपान्तरण गरियो। यस नीतिले विभिन्न सोच भएका दलहरू सत्तामा आए। २०७२ मा संविधान जारी भएपछि बृहत्तर, जनाधिकार, विस्तारित समावेशिता, गणतान्त्रिक बहुलवाद एवम् गम्भीर ढाँचाको विकेन्द्रित संघीयतासहित नेपाल अग्रगामी परिवर्तनको नयाँ राजनीतिक अभ्यासको चरणमा प्रवेश गऱ्यो।



संविधानको घोषणासँगै वैधानिकरूपमा विगत दुई सय ५० वर्ष पुरानो राजतन्त्रात्मक एवम् एकात्मक राज्य व्यवस्थाबाट नेपाल मुक्त भयो। तैपनि हुने खाने र गरिबीमा रहने वर्गबीचको दूरी घट्न सकेन। बरु यस्तो दूरी बढ्दो क्रममा रहेको छ। मुलुकमा भएको यति धेरै ठूलो परिवर्तनले एकछाक भात र एकसरो लुगा लगाउनका लागि पनि संघर्ष गर्नुपर्ने अवस्थामा अझै पनि सुधार आउन सकेको छैन। त्यस्ता वर्गलाई राज्यले सम्बोधन गर्न सके सुनमा सुगन्ध हुने थियो। थाहखबर

# हृदयाघातका लक्षण र रोकथाम

**शिवजी सिलवाल**

मुटुरोगको रोकथाम तथा नियन्त्रण गर्न सकिने भए पनि यो विश्वव्यापी रूपमा मृत्युको प्रमुख कारण बनिरहेको छ। हरेक देशको स्वास्थ्य सेवाका सुविधाहरू, जनताको जीवनशैली र देशको आर्थिक स्तर फरक-फरक हुने हुँदा मृत्युको कारक पनि फरक-फरक हुने गर्छ। संसारभरि नै मुटुरोग सबैभन्दा ठूलो ज्यानमारा रोग भएको छ। मुटुरोग पछि मस्तिष्कघात, श्वास-प्रश्वासको सङ्क्रमण, झाडापखाला, एचआईभी एड्स, सवारी साधन दुर्घटना र समय अगावै जन्मिनु अन्य मृत्युका कारणहरू हुन्।

संसारका ६.४ विलियन जनसंख्या मध्ये हरेक वर्ष करिब ५६ मिलियन जनसंख्या मरिरहेको हुन्छ। हृदयाघात एक जटिल किसिमको आकस्मिक अवस्था हो, जसमा मुटुका रक्तनली अर्थात् धमनीहरू र मुटुमै सामान्यतः रगत जम्ने कारण रक्त सञ्चार बन्द भई सिर्जना हुने गर्छ। मुटुमा आवश्यक रगतको आपूर्ति बन्द हुँदा मुटुका रक्त कोषिकाहरूको क्षति हुने वा तिनीहरू मर्ने कारणले मानिसको अचानक मृत्यु हुने जोखिम आइपर्न सक्छ। हृदयाघातका लक्षणहरूमा- छाती दुख्ने, छाती गह्रौ हुने र दुखाई सर्दै छातीबाट सर्दै गएर बङ्गारा, गर्दन, पाखुरा र पिठ्यूँतिर जाने, स्वाँ-स्वाँ हुने, कमजोरी अथवा रिँगटा लागेको अनुभव हुने र अत्यधिक मात्रामा बेचैनी हुने आदि पर्छन्।

यदि कसैलाई दोस्रो पटक हृदयाघात भएको छ भने पहिलो हृदयाघातका जस्तै लक्षण देखा नपर्न पनि सक्छन्। केही मानिसमा कुनै पनि लक्षण नै नदेखिन पनि सक्छ। यसलाई सुशुप्त हृदयाघात भनिन्छ। हृदयाघातको उपचार यसको प्रकृति र गम्भीरतामा निर्भर रहन्छ। हृदयाघातका प्रचलित उपचारहरूमा रगत पातलो पार्ने अर्थात् जमेको रगतलाई पगाल्ने औषधिको प्रयोग (जसलाई थ्रम्बोलाइसिस भनिन्छ), कारडियाक इन्टरभेन्सन् अर्थात् कोरोनरी एन्जियोप्लाष्टि र मुटुको शल्यक्रिया जस्ता प्रक्रिया पर्छन्।

एन्जियोग्राफी पश्चात् मुटुको ओपन हार्ट सर्जरी जस्ता प्रक्रिया पनि अपनाइन्छन्। यी प्रक्रिया मध्ये मुटुका धमनीहरूमा रोकावटका कारण रक्त प्रवाह बन्द भई हुने हृदयाघातको उपचारमा सबैभन्दा प्रचलित प्रक्रिया एन्जियोप्लाष्टि नै हो। उपचारको मुख्य उद्देश्य भन्नु नै बिरामीलाई अकस्मात् हुने मृत्युबाट बचाउनु र भविष्यमा आइपर्न सक्ने मुटुरोग सम्बन्धी कुनै पनि जोखिमबाट बचाउनु हो। यो प्रक्रिया अपनाउँदा तिघ्राको कापमा वा दाहिने अथवा देब्रे हातमा एउटा सानो प्वाल पारिन्छ। बिरामीको पीडा वा दुखाई कम गर्न प्वाल पारिने स्थानमा लठ्याउने औषधि दिइन्छ।



क्याथेटर भनिने एउटा सानो ट्यूब बिरामीको मुटुको धमनीसम्म पठाइन्छ। मुटुको एक्स-रे लिँदै त्यो क्याथेटरलाई बन्द भएको वा साँघुरिएको धमनीसम्म पुऱ्याइन्छ। बन्द भएको धमनीको भाग पत्ता लगाइसकेपछि क्याथेटरको टुप्पोमा रहेको बेलुनलाई फुलाइन्छ र बन्द भएको वा साँघुरिएको धमनीलाई खोलिन्छ। यसरी बन्द भएको भाग खोलेपछि मुटुमा रक्त प्रवाह पुनः स्थापित गराइन्छ। धमनी बन्द भएको वा साँघुरिएको भाग पुनः बन्द नहोस् भन्नका लागि त्यहाँ एउटा स्टेन्ट जडान अर्थात् प्रत्यारोपन गरिन्छ।

स्टेन्ट हालसम्म जम्मा तीन किसिमका छन्। ती हुन्- औषधिरहित धातुको स्टेन्ट (जुन सबैभन्दा सस्तो हुन्छ), अर्को स्टेन्टमा औषधि लेपन गरिएको स्टेन्ट जुन केही महँगो हुन्छ र तेस्रो किसिमको स्टेन्टमा अत्याधुनिक मांसपेशीमै विलय हुने स्टेन्ट पर्छन्। तेस्रो किसिमको स्टेन्टले जडान गरिएको धमनीमा औषधिका माध्यमबाट यथेष्ट रक्त प्रवाह गराइसकेपछि र धमनीको चोट ठीक भइसकेपछि धमनीको त्यही भागमा विलय भएर जान्छ। अनुसन्धानकर्ताहरूले के विश्वास गरेका छन् भने यस्तो किसिमको स्टेन्ट धमनीमा जडान गरिसकेपछि त्यस स्थानको रोकावट वा अवरोध खोल्न धातुको स्टेन्ट राखिरहनु पर्दैन। रक्तनलीहरूमा धातुको स्टेन्ट जडान गरेर छोड्नुपर्ने अवस्थाबाट यस खाले स्टेन्टले बिरामीलाई राहत दिन सक्छ। रक्त नलीहरू आफ्नो पुरानै अवस्थामा फर्किने सम्भावना रहन्छ र भविष्यमा आइपर्न सक्ने त्यसखाले प्रक्रियाहरूबाट समेत बिरामीलाई जोगाउँछ। स्टेन्ट जडान गरिसकेपछि क्याथेटलाई झिकिन्छ र सामान्यतः यो प्रक्रिया पूरा हुन २० देखि ४५ मिनेटको समय लाग्छ। तर, कहिलेकाहीँ प्राविधिक रूपले जटिल अवस्था सिर्जना भई धेरै समय लाग्ने गर्छ।

९६ प्रतिशतभन्दा बढी एन्जियोप्लाष्टि प्रक्रियाहरू तत्कालै सफल हुन्छन्। रोकावट भएको धमनीबाट रक्त प्रवाह सुचारु भएपछि बिरामीले तत्कालै राहत पाउने, सामान्य अवस्थामा फर्कने र छाती दुखाई (एन्जाइना) कम हुने हुन्छ। तर, जटिल प्रकृतिका धमनीका रोग भएका बिरामीहरू भने पूर्णतया ठीक नहुन पनि सक्छन् पनि तिनको रोगको लक्षण भने कम हुँदै जाने हुन्छ। तिनीहरूलाई सक्रिय र सहज जीवन जीउन सजिलो पर्छ। मुटुको शल्यक्रिया गरेको अवस्थामा भन्दा एन्जियोप्लाष्टि गर्दाको अवस्थामा बिरामीहरू चाँडै निको हुन्छन्। धेरैजसो बिरामी एन्जियोप्लाष्टि गरेको दिन घर फर्कन सक्छन् भने केही बिरामी एन्जियोप्लाष्टि गरेको दोस्रो बिहान मात्र फर्कन्छन्।

हाम्रो जस्तो गरिबीको रेखामुनि रहेको देशमा जहाँ मेडिकल इन्युरेन्स लागू गरेको छैन, यहाँका जनताका लागि एन्जियोप्लाष्टि प्रक्रिया निकै नै महँगो साबित हुन्छ। त्यो एउटा हाम्रा लागि नकारात्मक पक्ष हो। अर्कोतर्फ, जुन बिरामीका धेरै धमनी साँघुरिएका वा बन्द भएका हुन्छन् त्यसखाले समस्यामा पनि एन्जियोल्लाष्टि प्रक्रिया फलदायी नहुन सक्छ। त्यसरी नै खोलिएको धमनी एन्जिलोप्लाष्टि पछि पनि पुनः बन्द हुने वा साँघुरिने सम्भावना रहन्छ। त्यसपछि यसलाई धमनी पुनः साँघुरिएको भन्न सकिन्छ। यदि धमनी पुनः साँघुरिएको वा बन्द भएको खण्डमा बिरामीलाई पुनः छाती दुख्ने हुन्छ र फेरि हृदयाघात हुन पनि सक्छ। पुनः बन्द भएको धमनीलाई दोस्रो एन्जियोप्लाष्टि वा कहिलेकाहीँ मुटुको बाइपास शल्यक्रिया वा औषधि उपचारबाट कम गर्न सक्छ।

यदि तपाईं आफैं बिरामी हुनुहुन्छ भने एन्जियोप्लाष्टि गरिसकेपछि पनि आफ्नो जीवनशैलीमा सुधार ल्याएर आहार-व्यवहारमा नियन्त्रण गरेर वा शारीरिक क्रियाकलाप बढाएर आफूलाई स्वस्थ र स्फूर्त राख्न वाञ्छनीय हुन्छ। एन्जियोप्लाष्टि गरिसकेपछि पनि तपाईंले नियमित रूपमा चिकित्सकको सम्पर्कमा रहने र सल्लाह अनुसार कोपिडग्रेल र एस्पीरिन जस्ता औषधिहरू चिकित्सकको अनुमति बिना छाड्नु हुँदैन। त्यसका साथसाथै तपाईंले धूमपान त्याग्ने, चिनीको रोग भए नियन्त्रणमा राख्ने, रक्तचाप भए नियमित परीक्षण गर्ने र आफ्नो शारीरिक तौल बढ्न नदिने गर्नुपर्छ। साथै बोसोयुक्त खाना र कोलेस्टेरोल बढ्ने खाना पूर्णतया बन्द गर्नुपर्छ। तपाईं मांसहारी हुनुहुन्छ भने रातो मासु नखाने, चिल्लोयुक्त दूघ पदार्थ (चिज, घिउ) नखाने र बजारमा पाइने तयारी खाना बन्द गर्नुपर्ने हुन्छ। त्यसको बदलामा दैनिक रूपमा ताजा साजसब्जी र फलफूलमा वृद्धि गर्ने र यदि तपाईं मद्यपान गर्नुहुन्छ भने हार्ड ड्रिंकको सट्टा निश्चित मात्रामा रेड वाइन जस्ता पेयपदार्थहरू लिने बानी बसाल्नु पर्छ।

भविष्यमा आफूलाई तन्दुरुस्त राख्न आजैबाट तपाईंले नियमित रूपमा व्यायाम गर्ने बानी बसाल्दै व्यायामले आफूलाई पुऱ्याउने फाइदाबारे सचेत रहनुपर्छ। याद रहोस्, शारीरिक व्यायामले तपाईंको मुटुलाई रक्षा गर्नुका साथै शरीरको शक्ति सन्तुलन र मानसिक शान्तिका लागि सकारात्मक भूमिका खेल्छ। दैनिक हिँड्नु व्यायामको एक सजिलो उपाय हो। यदि तपाईं ठूला-ठूला भवनमा माथि चढ्दा लिफ्टको प्रयोग गर्नुहुन्छ भने त्यसलाई छोडेर भऱ्याङबाटै माथि चढ्ने, कतै जाँदा बस अथवा कारमा यात्रा गर्नुभन्दा हिँडेर जाने बानी गर्नु उपयुक्त हुन्छ।

हृदयाघात भएका बखत त्यसका लक्षणहरू करिब ३० मिनेट वा बढी समयसम्मका लागि रहन सक्छ। हृदयाघात हुने बेलामा सामान्यतया छातीमा असजिलो हुने, रक्तचाप बढ्ने, पुरा छाती गह्रौ भएको अनुभव हुने, छाती दुख्ने, पाखुरा वा छातीको करङको तल्लो भाग दुख्ने अथवा दुखाई सर्दै गएर पिठ्यूँ, बङ्गरा, गर्दन अथवा हाततिर वा समग्रमा सबैतिर दुख्ने, अपच हुने, श्वास फेर्न गाह्रो हुने, चिटचिट पसिना आउने, वाक्वाकी लाग्ने, बान्ता हुने, झुम्म लागे जस्तो हुने, कमजोरी हुने, बेचैनी हुने, स्वाँ-स्वाँ बढ्ने र मुटुको धड्कन छिटो-छिटो बढ्ने वा अनियमित हुने जस्ता लक्षणहरू देखापर्छन्।

जेसुकै भए पनि यदि तपाईंलाई हृदयाघात भएको शङ्का भएमा तपाईंले तत्कालै हृदयरोग उपचार केन्द्रमा सम्पर्क गर्नुपर्छ। साथै, त्यस अवस्थामा एक ट्याब्लेट एस्पिरिन (३०० मि.ग्रा.) बिरामीलाई तत्कालै ख्वाइदिनुपर्छ। तत्कालै गरिएको उपचार बिरामीको मुटुमा धेरै हानी हुनुबाट जोगाउने एक उपयुक्त तरिका हुन सक्छ। गोप

# उद्यमशील महिला जागरण केन्द्रको सभा



**कमल, असोज १७।** कमल गाउँपालिका-३ स्थित उद्यमशील महिला जागरण केन्द्रको तेस्रो साधारणसभा सम्पन्न भएको छ।

'सीप सिकौं, उद्यमी बनौं' भन्ने नाराका साथ संस्थाले विभिन्न कार्यक्रमका साथ साधारणसभा तथा आगामी कार्यकालका लागि नयाँ समिति समेत चयन गरेको छ।

संस्थाले गाउँमा रहेका धेरै महिलालाई विभिन्न सीप र प्रविधिको माध्यमबाट स्वरोजगार बनाएकोमा आफूलाई खुशी लागेको स्थानीयले बताए। आफूभित्र इच्छाशक्ति भए सीप सिक्न उमेर समूहले नछेक्ने बताउँदै आफूले सिकेको सीपलाई व्यवहारमा प्रयोग गर्न कार्यक्रमका प्रमुख अतिथि कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान राईले सुझाव दिए।

कार्यक्रममा संस्थाका कानूनी सल्लाहकार विमल संग्रौला र सस्थालाई विशेष योगदान पुर्‍याउने बन्दना झाँगरलाई सम्मान गरिएको थियो। त्यसैगरी संस्थाद्वारा सञ्चालित विभिन्न तालिममा सहभागीलाई प्रमाणपत्र वितरण गर्नुका साथै संस्थाको आजीवन सदस्यता प्राप्त गर्ने सदस्यलाई आजीवन सदस्यताको प्रमाणपत्र समेत प्रदान गरिएको थियो।

अध्यक्ष शान्ता दाहाल (उप्रेती)को अध्यक्षामा भएको कार्यक्रममा विशेष अतिथि ३ नम्वर वडाध्यक्ष नरप्रसाद दंगाल, बालमैत्री अभियानका सहजकर्ता सुमन ढकाल, कमलनगर जेसीजका अध्यक्ष छत्रपती खनाल, लायन क्लव अफ केर्खाका अध्यक्ष देबीप्रसाद दाहाल, महिला तथा बालबालिका शाखा प्रमुख रेनुका गौतम लगायतले संस्थाले समाज रुपान्तरणमा गरेको कामको प्रशंसा गर्दै नवगठित कार्यसमितिलाई कार्यकाल सफलताको बधाई तथा शुभकामना दिएका थिए। कार्यक्रम संस्थाकी सचिव गौरी राईले सञ्चालन गरेकी थिइन् भने कोषाध्यक्ष सीता राईले शुभकामना मन्तव्य दिएकी थिइन्।

**उद्यमशीलमा पुनः शान्ता**

उद्यमशील महिला जागरण केन्द्रको तेस्रो साधारणसभाले आगामी कार्यकालका लागि पुनः अध्यक्षमा शान्ता दाहाल(उप्रेती)लाई चयन गरेको छ।

त्यसैगरी उपाध्यक्ष गोमा तिवारी, सचिव सीता राई शेर्पा, सहसचिव नन्दकुमारी लिम्बू, कोषाध्यक्ष बेदमाया वाग्ले, सदस्य विष्णु आचार्य(गौतम), हिमा ढुङ्गेल(पौडेल) चन्द्रा नेपाली, हुमा बाँस्तोला (दाहाल) चयन भएको निर्वाचित समितिका संयोजक अग्निप्रसाद कोइरालाले जानकारी दिए।

त्यस्तै लेखा समितिको संयोजकमा मेनुका सापकोटा तथा सदस्यमा अमृता लामा र हरिमया खतिवडा (घिमिरे) चयन भएको संयोजक कोइरालाले जानकारी दिए।

# जनशक्ति साकोसको सातौं सभा




**बिर्तामोड, असोज १७।** झापाको विर्तामोड-४स्थित जनशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सातौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

संस्थाका सञ्चालक समितिका अध्यक्ष हिमालयप्रसाद कन्दङ्वाको अध्यक्षता तथा झापा क्षेत्र नम्वर ३का प्रदेश सभा सदस्य पूर्णप्रसाद राजवंशीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा शुभकामना मन्तव्य संस्थाका उपाध्यक्ष ढुण्डीराज गुरागाँई दिएका थिए।

कार्यक्रममा गतवर्ष ०७७/०७८ को वार्षिक प्रतिवेदन संस्थाका अध्यक्ष हिमालयप्रसाद कन्दङ्वाले र लेखा समितिको प्रतिवेदन लेखा समिति संयोजक रामचन्द्र घिमिरेले प्रस्तुत गरेका थिए। प्रतिवेदनमा संस्थाको शेयर पूँजी १,८४,९४,५००, निक्षेप संकलन ५,७३,५७,५४२.३७, कर्जा लगानी ७,७३,८६,०२६.०९, खुद नाफा ५,९१,७८५.८७ रहेको उल्लेख छ।

कार्यक्रममा संस्थापक संचालक समिति सदस्य हस्तबहादुर तामाङ्ग र गामादेवी चुडाललाई सम्मान गरिएको थियो।

त्यस्तैगरी संस्थाको उत्कृष्ट कर्मचारी दिपीका लिम्बू, ज्येष्ठ महिला शेयर सदस्यमा सम्पत्ति राजवंशी, उत्कृष्ट बचतकर्तामा पवित्रा विक, उत्कृष्ट ऋण कारोवारमा फुरछेकी खरेल, उत्कृष्ट बाल बचतकर्तामा आयुष शिवाकोटीलाई समेत सम्मान गरिएको थियो।

कार्यक्रममा विशिष्ट अतिथि विर्तामोड-४का वडाध्यक्ष कूलप्रसाद संग्रौला तथा कर्णाली साकोस बिर्तामोडका अध्यक्ष टसबहादुर श्रेष्ठ, विशाल साकोसका अध्यक्ष देवेन्द्र गौतम, महिला जनजागरण साकोसकी अध्यक्ष लक्ष्मी न्यौपाने लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन संस्थाका सञ्चालक समितिका सचिव मणिराज दंगालले गरेका थिए।

# एनएमसी सदस्यलाई आर्थिक सहयोग



**बिर्तामोड, असोज १७।** मेचीनगर नगरपालिका-६, काँकरभिट्टा मुख्य कार्यालय रहेको नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.(एनएमसी)ले आफ्ना शेयर सदस्यलाई आर्थिक सहयोग प्रदान गरेको छ।

बिर्तामोड-१० स्थित संस्थाको सैनिकबजार शाखा अन्तर्गत शेयर सदस्य होमनाथ नेपालकी आमा हरिमाया नेपालको निधन भएपछि उनको परिवारलाई शुद्धाई खर्च स्वरुप १० हजार रुपैयाँ प्रदान गरेको हो।

सैनिकबजार कार्यालयगत उपसमिति संयोजक मनु मुखियाले शेयर सदस्य नेपालको निवासमा पुगेर उक्त सहयोग रकम हस्तान्तरण गरेकी हुन्। होमनाथकी आमा हरिमायाको केही दिन पहिले निधन भएको थियो।

संस्थाको नीति अनुरुप सदस्यको राहत सुविधावापत उक्त रकम प्रदान गरिएको कार्यालय प्रमुख सन्तोष ढुंगानाले बताए। विषम् परिस्थितिमा पनि जन्मदेखि मृत्युसम्मका दुःख-सुखमा एनएमसीले सदस्यहरुलाई साथ दिँदै आएको उनको भनाइ छ।

कर्मचारी चन्द्रबहादुर राईले सञ्चालन गरेको कार्यक्रममा उपसमिति सदस्य टीकाराम दंगाल, एकाई संयोजक रत्नबहादुर बस्नेत लगायतको सहभागिता रहेको बजार प्रतिनिधि निशा लिम्बूले जानकारी दिइन्।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**सेक्युरिटी गार्ड चाहियो**

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।




सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

आधुनिक भ्याकुम सिस्टम भएको प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्याक्टीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।




सम्पर्क:
९८०८००५२०६/९८७३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड
लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

**उपकार ब्राण्ड**

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।


नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७७७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

**UAE मा Taxi Driver, Security Guard, Waiter र Factory Helper मा रोजगार अवसर**

चलानी नं. ६०१३२६९७ लट नं. २१२२३६

१. कम्पनी : JALEEL GENERAL WARE HOUSING (LLC) BRANCH शहर: DUBAI

| सिं नं. | कामदारको पद | संख्या | तलब | काम | करार |
|---|---|---|---|---|---|
| १) | Security Guard (DPS) | 100 | 2000/-DHS | १२ घण्टा | २ वर्ष |
| २) | Watch Man | 80 | 1500.-DHS | १२ घण्टा | " |
| ३) | Waiter | 80 | 1000+Food | ८ घण्टा | " |
| ४) | Cleaner | 100 | 800+Food | ८ घण्टा | " |
| ५) | Factory Worker | 100 | 1200.-DHS | ११ घण्टा | " |
| ६) | Wear House Helper | 100 | 1200/-DHS | ११ घण्टा | " |
| ७) | Cars Taxi Driver | 100 | 1500/-DHS | १२ घण्टा | " |

नोटः Cars Taxi Company मा सेलरी १५००/- DHS भएता पनि ४० प्रतिशत कमिशन गरेर ४००० देखि ५०००/- DHS सम्म कमाई गर्न सकिनेछ। यसको फाइनल अन्तरवार्ता असोज १९ गते मंगलबार बिर्तामोडमा हुनेछ।

सेक्युरिटी गार्डको फाइनल अन्तरवार्ता यही असोज २१ गते बिहीबार बिर्तामोडमा हुनेछ। अन्य क्याटोगरीको अन्तरवार्ता दिनु नपर्ने।

**सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, कालिकास्थान-३२ (फोन नं. :- ९८०८०७४५९८, ९८०३०७४४३९)

**श्री सुनाखरी सामुदायिक वन उपभोक्ता समूह**
माई नपा-४, इलाम

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

*दोस्रोपटक प्रकाशित मिति :* २०७८/०६/१८

श्री सुनाखरी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगट्टीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय इलामको मिति २०७७/०५/०२ को चन नं. २३५ लिलाम बिक्री सहमति अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजान लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित भएको मितिले २१ दिनको सूचनामा शिलबन्दी बोलपत्र दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको सूचना लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

| लट नं. | जात | स्तर (ग्रेड) | | | | | | | | | जम्मा | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ए | | | बी | | | सी | | | | | | |
| | | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मोल | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मोल | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मोल | थान | परिमाण (क्यू.फि.) | प्रयोजन | |
| ८ | साल गोलिया | - | - | प्रचलित राजश्व | १२ | १०३.५९ | प्रचलित राजश्व | ३ | १३.२९ | प्रचलित राजश्व | १५ | ११६.८८ | समूह बाहिर | |
| ९ | साल गोलिया | ६ | ७९.०२ | र स्थानीय | १३ | ११४.६३ | र स्थानीय | - | - | र स्थानीय | १९ | १९३.६५ | समूह बाहिर | |
| १० | साल गोलिया | ११ | १२६.०७ | बजार मूल्यलाई | ४ | ३४.८९ | बजार मूल्यलाई | २५ | १५२.०६ | बजार मूल्यलाई | ४० | ३१३.०२ | समूह बाहिर | |
| ११ | साल गोलिया | १२ | १२५.०८ | आधाधर मानी | ८ | ६४.८९ | आधाधर मानी | ९ | ४६.१४ | आधाधर मानी | २९ | २३५.४६ | समूह बाहिर | |

**श्री सुनाखरी सा. व. उ. समूह,** माई नपा-४, इलाम



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** दिन उत्साहपूर्ण रहला। सुखद् समाचार सुन्न पाइनेछ। स्वास्थ्य सबल रहनेछ र काममा पनि फाइदा हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** व्यापारमा सामान्य र पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ। पढाइलेखाइमा प्रगति हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। सन्तान वा अनुयायीले प्रसन्नता दिलाउनेछन्।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** परिस्थितिलाई आत्मसात् गर्न नसक्दा अलि दुःख पाइनेछ। मान्यजनसँग असमझदारी बढ्न सक्छ। चिताएको काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** साझेदारीमा देखिएको समस्या सुल्झाउन सकिनेछ। आफन्तको सहयोगले राम्रो फाइदा हुनेछ। यात्राको अवसर आउला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बेसुरमा दिएको वचनले अप्ठ्यारो पार्न सक्छ। प्रयत्न गर्दा आमाको माध्यमबाट काम बनाउन सकिनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अनुकूल समय छ। सहयोगीहरूले राम्रो साथ दिने [redacted] शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। कृषि- [redacted] चौपायामा केही समस्या देखिए पनि प्रशस्त धन अ[redacted] हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** केही अवसर बाहिरिए पनि प्रतिस्पर्धीहरू पछि हट्ने [redacted] शुभचिन्तकहरूले कमजोरीप्रति गुनासो गर्न सक्छन् [redacted] रहनुपर्नेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** [redacted]ादन गर्ने क्षमता बढ्नेछ। दीर्घकालीन रूपमा [redacted]ने काम शुरु हुन सक्छ। तार्किक क्षमता एवम् [redacted]भाव बढ्नेछ।

[redacted], गे, गो, सा, सि, सु, से, सो, द) - [redacted]को सही निर्णयले विभिन्न अवसर दिलाउनेछ। [redacted]काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ।

[redacted] दु, थ, झ, ञ, दे, दो, च, चि) - [redacted]व्यापारमा विशेष फाइदा हुनेछ। मान-सम्मान [redacted]बोलीको भरमा चिताएको काम बन्नेछ।